# चौतारा साँगाचोकगढी नगरपालिकाको
# साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०
**स्वीकृत मिति : २०८०/१२/१९**

**प्रस्तावना**

कृषि, पशुपन्छीजन्य, वनजन्य तथा लघुउद्यम क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, श्रमजीवी नागरिकहरुलाई नगरभित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्किएका युवाहरुको विदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशिल क्षमताको विकास गर्न दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकिकरण एवं प्रवर्द्धन गरी उद्यमशिलता विकास गर्न, आत्मनिर्भर अर्थतन्त्रको विकास गरी समृद्धि नगर र सुखी नगरबासीको आकांक्षा पुरा गर्न, चौतारा साँगाचोकगढी नगरपालिका भित्र उद्यम व्यवसाय गर्ने व्यक्ति, समुह, सहकारी, फर्म लगायतलाई तालिम तथा प्रविधि अनुदानमा उपलब्ध गराउने उद्यम प्रवर्द्धन कार्यक्रम गर्नका लागि चौतारा साँगाचोकगढी नगरपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(क) यस कार्यविधिको नाम “चौतारा साँगाचोकगढी नगरपालिकाको साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०” रहेको छ ।

(ख) यो कार्यविधि चौतारा साँगाचोकगढी नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।

(ग) यो कार्यविधि कार्यपालिका बैठकले स्वीकृतत गरेपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “कार्यविधि” भन्नाले “चौतारा साँगाचोकगढी नगरपालिकाको साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८०” लाई सम्झनु पर्छ ।

ख) “कार्यक्रम” भन्नाले साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ग) “अनुदान” भन्नाले उत्पादन, प्रशोधन, मूल्यश्रृँखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, वस्तु विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनु पर्दछ ।

घ) “अनुदानग्राही” भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।

## परिच्छेद २
## साझेदारी उद्यम प्रवर्द्धन कार्यक्रमका क्षेत्र

**३. साझेदारी उद्यम प्रवर्द्धन कार्यक्रमका क्षेत्र** :(१) साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछन्:-

क) कृषि

ख) पशुपन्छी विकास

ग) वन श्रोत सदुपयोग

घ) लघु, घरेलु तथा साना उद्यम

ङ) रोजगारी तथा स्वरोजगार सृजना

च) संस्थागत विकास तथा सुशासन

छ) समुह, सहकारी फर्म लगायतका संस्थाहरुको सवलीकरण

ज) स्थानीय उत्पादनको संकलन, प्रसोधन तथा बजारीकरण

झ) पर्यटन प्रर्वधन (होमस्टे) मा आधारित उद्यम,

ञ) सिपमा आधारित उद्यम व्यवसाय,

त) उद्यमी वा उद्यमी समुहले अवश्यकता महशुस गरि छनौट गरिने अन्य उद्यम,

(२) उपदफा (१) मा उल्लेखित बाहेकका रोजगारीमा आधारीत उद्यमका अन्य क्षेत्रहरु ।

## परिच्छेद ३
## साझेदार छनौट प्रकृया

**४. साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्:-**

क) साझेदारीको लागि छनौट गरिने कार्यक्रम वा योजना नगरसभाबाट स्वीकृत हुनुपर्नेछ ।

ख) खुला रुपमा अनुसूची १ बमोजिमको प्रस्ताव माग सुचना प्रकाशन गरी संक्षिप्त सूची तयार गर्नु पर्नेः

१) पचास लाख भन्दा बढी दश करोड रुपैयाँ सम्म लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा राष्ट्रियस्तरको प्रस्तावक बीच प्रतिस्पर्धा गराई प्रस्ताव माग गर्नुपर्नेछ । सो सम्बन्धी प्रस्ताव संकलन गर्न कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ । पचास लाख भन्दा कम लागत अनुमान भएको साझेदारी कार्यक्रमका लागि दफा ४ उपदफा (१) लागू हुने छैन ।

२) दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, समुह, सहकारी संस्था र कम्पनीले अनुसुची २ अनुसारको प्रस्ताव पेश गर्न सक्नेछन् ।

३) प्रस्तावकको छनौट गर्दा कम्तीमा ३ वटा प्रस्ताव छनौट हुन नसकेमा नगरपालिकाले पुन सूचना प्रकाशन गरी ७ दिनको अवधि दिई प्रस्ताव माग गर्नुपर्नेछ ।

४) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीन वटा प्रस्ताव छनौट हुन नसकेको खण्डमा भएका जति प्रस्तावकको मात्र सूची कायम गर्न सकिनेछ ।

५) प्रस्तावमा खुलाउनु पर्ने विवरणः

क. व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाको विवरण, सँगठन

ख. विगत २ वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत प्रस्तावकको हकमा विगत तिन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

ग. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

**५. यस कार्यविधि बमोजिम पर्न आएका प्रस्तावकको योग्यता, अनुभव र क्षमता समेत मुल्याङ्कन गरी छनौट समितिले प्रस्ताव छनौट गर्नुपर्नेछ ।**

**६. छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:**

क. प्रस्तावकले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्य अनुभव पत्र, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमतिपत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), प्रस्तावका साथ पेश गरेको हुनु पर्नेछ ।

ख. प्रस्तावमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

घ. प्रस्तावना मुल्याङ्कनका आधारहरु :

| क्र.स. | मुल्याङ्कनका आधारहरु | अंक (बढीमा) |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको कार्ययोजना | २० |
| २ | स्थानीय स्रोतको प्रयोग | १५ |
| ३ | समावेशी सहभागिता | १० |
| ४ | थप रोजगारीको श्रृजना को अवस्था | २० |
| ५ | तालिमप्राप्त वा सिपयुक्त जनशक्ति उपलब्धता | १५ |
| ६ | बजारको सुनिश्चिता | २० |

## परिच्छेद ४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

**७. साझेदारी उद्यम प्रवर्द्धन कार्यक्रम संचालन, व्यवस्थापन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम समन्वय समिति रहनेछः-**

| | |
|---|---|
| क) नगर प्रमुख | - संयोजक |
| ख) नगर उपप्रमुख | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ङ) योजना शाखा प्रमुख | - सदस्य |
| च) सम्बन्धित शाखा प्रमुख | - सदस्य |
| छ) उद्यम बिकास शाखा प्रमुख | - सदस्य |
| ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी | - सदस्य सचिव |

*सञ्चालित कार्यक्रमहरुको अनुगमन भने नगरपालिकाको अनुगमन समितिले गर्नेछ ।*

**८. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मुल्याङ्कन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मुल्याङ्कनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको किस्ता भुक्तानीको लागि सिफारिस गर्ने

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

**९. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मुल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछ :-**

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) लेखा शाखा प्रमुख | - सदस्य |
| ग) योजना शाखा प्रमुख | - सदस्य |
| घ) उद्यम विकास शाखा प्रमुख | - सदस्य |
| ङ) सम्बन्धित विषय वा शाखाको प्रमुख | - सदस्य सचिव |

**१०. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकार :** प्रस्तावना छनौट समितिले चौतारा साँगाचोकगढी नगरपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**११. साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ :**

क. प्रस्ताव अनुसारका क्रियाकलापहरु संचालनका लागि समन्वय गरिनेछ ।

ख. आवश्यकता अनुसार सिप प्रबिधि हस्तान्तरण गरिनेछ ।

घ. साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा उत्पादकहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ ।

ङ. उद्यमीले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामाग्री प्राप्त गर्न सक्नेछन् ।

च. साझेदार छनौट भए पश्चात दुवै पक्षबिच आपसी छलफल गरी बजेटको शिर्षक निर्धारण गरिनेछ

छ. कार्यक्रमका क्रियाकलापमा खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ ।

ज. साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

झ. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भर्पाइको बिल भपाई नगरपालिकाको कार्यलयमा बुझाउनु पर्ने हुन्छ ।

**१२. अनुदान उपलब्ध गराउने हकमा : नगरपालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी साझेदारको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।**

क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ ।

ख. अनुदानको प्रकार र सीमा समन्वय समिति र साझेदारले निर्धारण गर्नेछन्।

ग. अनुदानमा उपलब्ध गराईएको भौतिक सामग्रीहरु नगरपालिका क्षेत्र भन्दा बाहिर लगेर व्यवसायिक प्रयोग गर्न पाईने छैन ।

## परिच्छेद ५
## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मुल्याङ्कन

१३. **सम्झौता :** साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ३ बमोजिमको ढाँचामा गर्नु पर्नेछ

१४. **प्रतिवेदनः साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रमको प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः-**

क) कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ४ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. **अनुगमन तथा मुल्याङ्कन :** कार्यक्रम अनुगमन तथा समन्वय समितिले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विविध

१६. **लेखापरीक्षणः**

क. साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रमको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ । सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

१७. **समन्वय :** साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच साझेदारले समन्वय गर्नु पर्नेछ ।

१८. **खर्चमा बन्देजः** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा नगरपालिकाको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

१९. **कसुर र सजायः**

क. साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

ख. संचालनमा रहेको उद्यम निरन्तर संचालन नरहेमा नगरबाट अनुदानमा उपलब्ध गराईएको भौतिक सामग्रीहरुको स्वामित्व नगरपालिकाको हुनेछ ।

ग. कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा उपलब्ध गराईएको प्रबिधि सामग्रीहरु फिर्ता लिईनेछ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

२०. **पारदर्शिता :** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

२१. **उत्तरदायित्व :** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

२२. **संशोधन तथा हेरफेर :** यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२३. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** नगरकार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. **प्रचलित कानुन लागू हुने :** साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ

**अनुसूची १**
**दफा ४ (ख) सँग सम्बन्धित**
चौतारा साँगाचोकगढी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र, समुह, सहकारी संस्थाको लागि प्रस्ताव आह्वानको ढाँचा**

प्रथम पटक सूचना प्रकाशित मिति : …………

चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८०" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष ……… मा कृषि तथा पशु विकास, वनजन्य, लघुउद्यममा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्रका व्यक्ति/संस्था, समुह, सहकारीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.chautaramun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन ।

प्रस्तावकको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

**प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. प्रस्ताव पेश सम्बन्धी निवेदन,
२. प्रस्तावको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
८. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
९. विगत तिन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत प्रस्तावदाताको हकमा विगत तिन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
१०. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

……………………………
प्रमुख प्रशासकिय अधिकृत

**अनुसूची २**
**दफा ४ (ख) २ सँग सम्बन्धित**
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,चौतारा,सिन्धुपाल्चोक
वागमति प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र, समुह, सहकारीको लागि प्रस्तावको निवेदन को ढाँचा**

मितिः ..........

श्री नगर प्रमुखज्यू,
चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
वागमति प्रदेश, नेपाल ।

**विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व ......... को स्वीकृत कार्यक्रम अनुसार ...................................... उद्देश्यका लागि "................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस ...................................... संस्थाले प्रस्ताव पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**प्रस्तावका साथ संलग्न गरिएको कागजातहरु :**

- ☞ प्रस्ताव पेश सम्बन्धी निवेदन,
- ☞ प्रस्तावको फारम,
- ☞ संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, स्थायी लेखा नं. प्रमाण पत्र नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
- ☞ साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
- ☞ प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
- ☞ संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
- ☞ व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
- ☞ विगत दुई वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत प्रस्तावदाताको हकमा विगत तिन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
- ☞ प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

**प्रस्तावनामा खुलाउने पर्ने विवरणहरु**

**१. पृष्ठभूमि :**
**२. उद्देश्य :**
**३. प्रस्तावित क्रियाकलापहरु :**
**४. उपलब्ध जनशक्ति :**
**५. प्रस्तावकको कार्य अनुभव :**
**६. कार्यक्रम संञ्चालन अवधिः**
**७. कार्यक्रमको कुल लागतः**
शिर्षक अनुसार खुलाउनु पर्नेछ ।
विस्तृत खर्च विवरण अनुसुचीमा उल्लेख गर्नु पर्नेछ ।

**८. अपेक्षित परिणाम :**

**अनुसूची ३**
**दफा १७ सँग सम्बन्धित**
चौतारा साँगाचोकगढी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
**साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम सम्झौता पत्रको ढाँचा**

**"............................................. साझेदारी कार्यक्रम" संचालनका लागि चौतारा साँगाचोकगढी नगरपालिका (यसपछि प्रथम पक्ष भनिएको) र ................................ संस्था (यसपछि दोस्रो पक्ष भनिएको) बीचको साझेदारी सम्झौता पत्र**

**१. परिचयः**
**२. कार्यक्रमको नाम :**
**३. सम्झौता अवधि :**
**४. कार्यक्षेत्रः**
**५. प्रथम पक्षको जिम्मेवारी :**
**६. दोस्रो पक्षको जिम्मेवारी :**
**७. बजेट र वित्तीय कार्यविधि :**
**७.१ परियोजनाको कुल बजेट :**
**७.१.१** परियोजनाको वजेटमा प्रथम र द्वितिय पक्षको लागत विवरण सम्वन्धमाः
**७.१.२** परियोजनाको विस्तृत बजेट विवरणः
**७.२ बजेट निकासा :**
७.२.१ बैक खाता सम्बन्धमाः
७.२.२ वजेट विनियोजन र निकासा सम्वब्धमाः
७.२.३ अग्रीम कर सम्बन्धमाः
७.२.४ विल भरपाई सम्बन्धमाः
७.२.५ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः
**८. लेखा परीक्षण तथा प्रतिवेदन**
**९. अनुगमन तथा मुल्याङ्कनः**
९.१ कार्यक्रम समन्वय समितिले
८.२ नगरपालिका स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिले
**१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था**
**११. परियोजना हस्तान्तरण**
**१२. विविध**
माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ........................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| ................................ | ................................ |

**साक्षीहरुः**

**अनुसूची ४**
**दफा १८ (क) सँग सम्बन्धित**
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमि
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष